# मिक्वाखोला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## थलङ, ताप्लेजुङ
## स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको बैठक

बैठक संख्या:१
बैठक मिति : २०७६-०३-०५
दिनको १०:०० बजे

स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ६६ मा भएको व्यवस्था बमोजिम **"स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति"** का संयोजक **श्री राम कुमार सााँवाज्यूको** अध्यक्षतामा समितिको प्रथम बैठक तपसिलको उपस्थितीमा बसी देहाय अनुसार निर्णय गरियो।

**तपशिल :**

संयोजक : श्री राम कुमार साँवा

सदस्य : श्री रुद्र कुमारी साँवा प्राङदेन

सदस्य : श्री कपलेश्वर यादव

सदस्य : श्री भीमा बस्नेत

सदस्य : श्री निमावाङदी लामा

सदस्य : श्री कमला घतानी

सदस्य–सचिव : श्री योगेन्द्र राज गुरुङ्ग

**आमन्त्रित:**

वडाध्यक्ष: श्री अमृत बहादुर लिम्बु

वडाध्यक्ष: श्री सुरेश थापा

वडाध्यक्ष: श्री दिपेन्द्र कुमार लिम्बु

वडाध्यक्ष: श्री भिम बहादुर लिम्बु

वडाध्यक्ष: श्री डण्डु लामा शेर्पा

**निर्णय नं. १**

आगामी आर्थिक बर्ष २०७६/०७७ को लागि स्थानिय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन,२०७४ को बुँदा नं ४.२(४.२.४) र स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ६६ को उपदफा ३(च) मा भएको व्यवस्था अनुसार मार्गदर्शन तयार गर्ने सर्वसम्मत निर्णय गरियो।

## निम्नः-

१. गाउँपालिकालाई आत्मनिर्भर र समृद्ध बनाउन कृषिजन्य नर्सरी उत्पादन व्यवसायीक खेती सामुहिक खेती नगदेवाली प्रवर्द्धन हुने एक गाउँ एक उत्पादन, खरिद बिक्री केन्द्र प्रत्येक वडामा बजार व्यवस्थापन हुने कार्यक्रम छनौट गर्ने ।

२. पशुजन्य उत्पादनलाई टेवा पुऱ्याउने नश्ल सुधार आहार प्रवर्द्धन, गोठ सुधार, मासु उत्पादन गर्ने कार्यक्रम छनौट गर्ने ।

३. जडिवुटी खेती प्रवर्द्धन, प्रशोधन, अन्य वनजन्य उत्पादनमा सामुहिक र सहकारीवाट गर्ने प्रोत्साहन गर्ने कार्यक्रम जोड दिने ।

४. वेरोजगार लक्षित युवा कार्यक्रम, दलित लक्षित कार्यक्रम, विपन्न परिवार लक्षित कार्यक्रम, महिला लक्षित कार्यक्रम सञ्चालित हुने र आयआर्जनमा बृद्धि हुने कार्यक्रम छनौट गर्ने ।

५. यस गाउँपालिका स्रोत परीचालन कार्यविधि वमोजिम वस्तीस्तरवाट योजना कार्यक्रम छनौट गर्ने ।

६. अनिवार्य लागत सहभागिता जुट्ने कार्यक्रम छनौट गर्ने ।

७. विकास निर्माणमा दिगो र गुणस्तरीय तथा वातावरणमैत्री, लैङ्गिक मैत्री, अपांग मैत्री हुने कार्यक्रम छनौट गर्ने ।

८. लैंगिक उत्तरदायी वालमैत्री, अपाङ्गमैत्री, जेष्ठ नागरिक, पिछडिएको वर्गलाई सशक्तिकरण, समावेशीकरण, शान्त मिक्वाखोला स्थापना  हुने यूवा लक्षित कार्यक्रम छनौट गर्ने ।

९. योजना कार्यक्रम छनौट देखि अनुगमन मूल्याङ्कन जेष्ठ नागरिक, महिला, दलित, अपाङ्ग, वालवालिका, विपन्न वर्गको, पिछडिएको वर्गको सहभागिता सुनिश्चित गर्ने ।

१०. टोल/वस्तीमा हुने योजना तर्जुमा प्रक्रियामा क्रियाशिल आमा समूह, बाल क्लब/सञ्जाल, युवा क्लव, नागरिक सचेतना केन्द्र कृषक समूह, ग्वाला समुहहरुलाई अनिवार्य सहभागी गराउनु पर्नेछ ।

११. अनौपचारिक शिक्षा कार्यक्रम तथा प्रारम्भिक वाल विकास केन्द्र स्थापना तथा प्रभावकारी सञ्चालन, विद्यालयको गुणस्तर अभिवृद्धि, पूर्वाधार निर्माण, मर्मत संभार, विद्यालय सरसफाइ स्वच्छ खानेपानी, विद्यार्थी प्रोत्साहन, स्थानीय पुस्तकालय, वाचनालय सञ्चालन, शिक्षण सिकाई शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास तथा अतिरिक्त क्रियाकलाप सञ्चालन हुने कार्यक्रम छनौट गर्ने ।

१२. राष्ट्रिय सरसफाई अभियानलाई सहयोग पुग्ने कार्यक्रम छनौट गर्ने ।

१३. विपद व्यवस्थापन सम्बन्धी खोजी, उद्धार, राहत, पुर्नस्थापना तथा न्यूनिकरण गर्ने कार्यक्रम छनौट गर्ने ।

१४. खानेपानीको मुहान संरक्षक वन तथा वातावरण संरक्षणमा सहयोग पुग्ने कार्यक्रम छनौट गर्ने ।

१५. पर्यटन प्रवर्द्धनका लागि संभावित क्षेत्रको खोजी, होमस्ट्रे तथा पर्यटन व्यवसायमा सहयोग पुग्ने कार्यक्रम छनौट गर्ने ।

१६. शिशु तथा मातृ मृत्युदर घटाउनका लागि वाल पोषण, पूर्ण पोषणयुक्त गाउँपालिका घोषण गुणस्तरिय प्रसुति गृह सञ्चालन, स्वयं सेविका परिचालन हुने कार्यक्रम छनौट गर्ने ।

१७. खेलकुल विकास, भाषा साहित्य ललितकला, संस्कृति संरक्षण, वाल प्रतिभा विकास, जेष्ठ नागरिक सम्मान, रितिरिवाज सुधार हुने कार्यक्रम, समतामुलक समाज निर्माणमा टेवा पुग्ने कार्यक्रम छनौट गर्ने ।

१८. नयाँ सडक निर्माणको लागि कम भन्दा कम योजना छनौट गर्ने, भारी मेसिन उपकरण कम प्रयोग हुने र जनसहभागिता सुनिश्चित हुने कार्यक्रम छनौट गर्ने । पुरानै सडकको मर्मत संभार तथा स्तरोनती गरि बाह्रैमास सवारी साधन चल्ने कार्यक्रम छनौट गर्ने ।

१९. सूचना प्रविधि एवं सञ्चार, सुशासन प्रवर्द्धन हुने कम लागतमा सेवा प्रवाहमा सहयोग पुग्ने योजना छनौट गर्ने ।

२०. कुल वार्षिक कार्यक्रमको २५ प्रतिशत प्रथम चौमासिक ६० प्रतिशत चैत मसान्त भित्र र वाँकी १५ प्रतिशत जेष्ठ मसान्त भित्र खर्च गरि सक्ने कार्यक्रम छनौट गर्ने ।

२१. ऐतिहासिक, पुरातात्विक तथा साँस्कृतकि सम्पदा, सार्वजनिक पुर्वाधारको संरक्षण सम्बर्द्धन र विकास गर्ने तथा अध्ययन अनुसन्धान उत्खनन तथा प्रचार प्रसार गर्ने कार्यक्रम छनौट गर्ने ।

२२. सहकारी क्षेत्रको प्रवर्द्धन हुने किसिमको कार्यक्रम छनौट गर्ने ।

२३. वन क्षेत्रको संरक्षण सम्बर्द्धन, दुर्लभ वन्यजन्तुको संरक्षण वन पैदावारको व्यवसायीकरण हुने योजना कार्यक्रम छनौट गर्ने ।

२४. लघु जलविद्युतको निरन्तर उत्पादन गर्नका लागि मर्मत संभारका कार्यक्रम छनौट गर्ने ।

२५. केन्द्रिय प्रसारण लाइन विस्तारको लागि समपुरक कोषको व्यवस्था गर्ने ।

२६. डिजिटल स्थानीय तथ्याङ्क र अभिलेख संकलन हुने कार्यक्रम छनोट गर्ने ।

२७. सबै प्रकारका महिला स्वास्थ्य सम्बन्धी कार्यक्रम छनौट गर्ने ।

२८. शैक्षिक गुणस्तर वृद्धि गर्ने, विद्यार्थी भर्नादर शतप्रतिशत बनाउने तथा कक्षा छाड्ने दरलाई शुन्य बनाउने अभियानलाई प्रत्येक वडामा एउटा विपन्न लक्षित दिवाखाजा कार्यक्रम सञ्चालन हुने कार्यक्रम छनोट गर्ने ।

२९. सुकुम्बासी तथा अति विपन्न परिवार आवास विशेष कार्यक्रम छनोट गर्ने ।

३०. द्वन्द पिडित, शहिद परीवार सहयोग कार्यक्रममा सहयोग हुने कार्यक्रम छनोट गर्ने ।

३१. नमूना माध्यमिक विद्यालय कार्यक्रम छनोट गर्ने ।

३२. प्रत्येक वडामा एउटा सुविधा सम्पन्न सामुदायिक भवन निर्माण हुने कार्यक्रम छनोट गर्ने ।

३३. न्यायिक निर्णय प्रकृया सर्वसुलभ, प्रभावकारी हुने कार्यक्रम छनोट गर्ने ।

३४. राजश्व, सूचना तथा तथ्याङ्क र संकलनलाई प्रभावकारी बनाउने राजश्व संकलक प्रोत्साहन कार्यक्रम छनोट गर्ने ।

३५. स्थानीय सेवा प्रवाहमा जनप्रतिनिधी तथा कर्मचारीहरुको क्षमता विकास हुने कार्यक्रम छनोट गर्ने ।

३६. प्राविधिक शिक्षा, स्थानीय भाषा शिक्षणलाई प्रोत्साहन हुने कार्यक्रम छनोट गर्ने ।

३७. जिरो होम डेलिभरी, आधारभूत स्वास्थ्य, प्रजनन स्वास्थ्य, जेष्ठ नागरिक स्वास्थ्य परिक्षण, पोषण सेवा, विद्यालय स्वास्थ्य कार्यक्रमलाई निरन्तरता हुने कार्यक्रम छनोट गर्ने ।

३८. फोहोरमैला व्यवस्थापनका लागि ल्याण्ड फिल्ड साइटको विकास गर्ने कार्यक्रम छनोट गर्ने ।

३९. वडागत कुल बजेटको ७० प्रतिशत भौतिक पुर्वाधार निर्माणका लागि विनियोजन गर्ने साथै लक्षित वर्ग महिला, वालवालिका, दलित, अपांग, जेष्ठ नागरिक समुदायको आय आर्जन, शसक्तिकरण, क्षमता विकासमा टेवा पुऱ्याउनका लागि बाकी बजेटको १० प्रतिशत महिला लक्षित, ५ प्रतिशत बालबालिका लक्षित, ५ दलित तथा अल्पसंख्यक लक्षित, ५ प्रतिशत अपांग लक्षित, ५ प्रतिशत जेष्ठ नागरिक लक्षित कार्यक्रम समावेश छनोट गर्ने ।

**निर्णय नं. २**

आगामी आर्थिक वर्ष २०७६/०७७ को लागि यस गाउँपालिकालाई प्राप्त हुन सक्ने कुल आयव्ययको सिमा निम्न बमोजिम निर्धारण गर्ने सर्वसम्मत निर्णय गरियो ।

| क्र.स. | खर्च शिर्षक | अनुमानित आय २०७६।०७७ | अनुमानित व्यय २०७६।०७७ | कैफियत |
|---|---|---|---|---|
| १ | चालु खर्च | ६,३३,००,०००।- | ६,३३,००,०००।- | |
| २ | पुँजिगत खर्च | ८,६०,०६,०००।- | ८,६०,०६,०००।- | |
| जम्मा | | १४,९३,०६,०००।- | १४,९३,०६,०००।- | |

**निर्णय नं. ३**

आगामी आर्थिकवर्ष २०७६/०७७ को गाउँपालिका स्तरीय गौरवका आयोजना/कार्यक्रम सञ्चालन कार्यान्वयन गर्नका लागि एकमुष्ठ रु. ५,२०,०६,०००।- बजेट सिमा तोक्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ०४**

आर्थिक वर्ष २०७६/७७ का लागि यस गाउँपालिकाको देहायको सूचक निर्धारण गरी प्रत्येक वडा तथा त्यस क्षेत्रमा कार्यान्वयन हुने कार्यक्रमको निम्न बमोजिम कुल बजेट सिमा निर्धारण गर्ने सर्वसम्मत निर्णय गरियो ।

**सूचक:**

| क्र.स. | विवरण | अंक भार |
|---|---|---|
| १ | जनसङ्ख्या | ३० |
| २ | क्षेत्रफल | १५ |
| ३ | कर शूल्क वा दस्तुर संकलन/परिचालनको अवस्था | २५ |

| | | |
|---|---|---|
| ४ | पूर्वाधार विकासको अवस्था | १५ |
| ५ | विकासको लागत (भौगोलिक विकटता) | १५ |
| **जम्मा** | | **१००** |

१ प्रत्येक वडालाई न्युनतम निम्न बमोजिम कार्यक्रमगत बजेट सीमा निर्धारण गर्ने निर्णय गरियो ।

| क.स. | शीर्षक | आय शीर्षक | शुत्रमा आधारित कुल बजेट (५ वटै वडा) | आ.व. ०७६/०७७ को अनुमानित न्युनतम बजेट | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्रत्यक वडाको न्यूनतम बजेट सीमा | पुँजीगत | ३,४०,००,०००।- | ८,६०,०६,०००।- | |
| | | चालू | ५०,००,०००।- | ६,३३,००,०००।- | |

२ विकासको लागत (भौगोलिक विकटता) र पूर्वाधार विकासको अवस्था तथा अन्य सूचकहरुको बर्गीकरण देहाय बमोजिम निर्धारण गर्ने निर्णय गरियो ।

| **total allocated budget** | | **34000000** |
|---|---|---|
| Population | 30 | 10200000 |
| Area | 15 | 5100000 |
| Tax Collection | 25 | 8500000 |
| Infrastructure Development | 15 | 5100000 |
| Geographical Remoteness | 15 | 5100000 |
| total | 100 | 34000000 |

| ward | Population | area | tax collection | Geographical Remoteness | Infrastructure Development' | Total |
|---|---|---|---|---|---|---|
| ward 1 | 0.172233202 | 0.020316027 | 0.192307692 | 0.15 | 0.32 | |
| | 1756778.656 | 103611.7381 | 1634615.385 | 765000 | 1632000 | 5892006 |
| ward 2 | 0.181719368 | 0.0248307 | 0.192307692 | 0.15 | 0.27 | |
| | 1853537.549 | 126636.5688 | 1634615.385 | 765000 | 1377000 | 5756790 |
| | | | | | | |
| ward 3 | 0.209782609 | 0.038374718 | 0.192307692 | 0.2 | 0.2 | |
| | 2139782.609 | 195711.0609 | 1634615.385 | 1020000 | 1020000 | 6010109 |
| | | | | | | |
| ward 4 | 0.3 | 0.090293454 | 0.192307692 | 0.22 | 0.12 | |
| | 3060000 | 460496.614 | 1634615.385 | 1122000 | 612000 | 6889112 |
| | | | | | | |
| ward 5 | 0.136264822 | 0.826185102 | 0.230769231 | 0.28 | 0.09 | |
| | 1389901.186 | 4213544.018 | 1961538.462 | 1428000 | 459000 | 9451984 |
| | 1 | | | | | 34000000 |

**निर्णय नं. ०५**

उपरोक्त निर्णय मिक्वाखोला गाउँ कार्यपालिका समक्ष पेश गर्ने निर्णय गरियो ।